# छोटो अवधिको सीपमूलक तालीम सञ्चालन कार्यविधि, २०७७

*माननीय शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्री एवं परिषद्का अध्यक्षबाट स्वीकृत मितिः २०७७/०८/०४*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

# विषयसूची


**प्रस्तावना** ........ **१**

**परिच्छेद — एक परिचय** ........ **१**

१. संक्षिप्त नाम र प्रारम्भः ........ १

२. परिभाषाः ........ १

**परिच्छेद — दुई तालीमको आवश्यकता पहिचान र सहभागी छनोटका आधार** ........ **२**

३. तालीमको आवश्यकता पहिचानः ........ २

४. तालीम सहभागी छनोटः ........ २

**परिच्छेद — तीन तालीम समन्वय तथा सञ्चालन समिति** ........ **३**

५. केन्द्रिय समन्वय समितिः ........ ३

६. तालीम सञ्चालन समन्वय समितिः ........ ३

**परिच्छेद — चार सरोकारवाला वर्गको भूमिका** ........ **५**

७. स्थानीय तहको भूमिकाः ........ ५

८. प्रदेश कार्यालयको भूमिकाः ........ ५

९. तालीम प्रदायक संस्थाको भूमिकाः ........ ६

१०. औद्योगिक प्रतिष्ठान र रोजगादाताको भूमिकाः ........ ७

११. प्रशिक्षकको भूमिकाः ........ ८

१२. प्रशिक्षार्थीको भूमिकाः ........ ८

१३. सरकारी, सहकारी र अन्य निकायहरूको भूमिकाः ........ ९

**परिच्छेद — पाँच तालीम प्रदायक संस्थाको छनोट र सम्झौता** ........ **९**

१४. संस्था छनौटः ........ ९

१५. तालीम सम्झौताः ........ १०

**परिच्छेद — छ तालीम खर्च, पाठ्यक्रम र सिकाइ पद्दति** ........ **१०**

१६. तालीम सञ्चालन खर्च र भुक्तानीः ........ १०

१७. पाठ्यक्रमः ........ ११

१८. प्रशिक्षण सञ्चालन पद्धतिः ........ ११

**परिच्छेद — सात तालीमको अनुगमन तथा मूल्याङ्कन** ........ **१२**

१९. तालीमको अनुगमन तथा मूल्याङ्कनः ........ १२

२०. प्रशिक्षार्थीहरूको सुविधाः ........ १२

**परिच्छेद — आठ विविध** ........ **१२**

२१. प्रचलित कानुन बमोजिम हुनेः ........ १२

२२. व्याख्या तथा संशोधनः ........ १३

**अनुसूचीहरू** ........ **१४**

## प्रस्तावना

सीपमूलक तालीमका अवसरहरूमा विस्तार गर्दै तालीम कार्यक्रममा समावेशी एवं समतामूलक पहूँचको सुनिश्चितताका साथै प्रशिक्षार्थीहरूको सिकाइ उपलब्धीको स्तर अभिबृद्धि गरी आय आर्जनको सुनिश्चितता गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् यो कार्यविधि बनाएको छ।

## परिच्छेद — एक

## परिचय

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "छोटो अवधिको सीपमूलक तालीम सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा ३ बमोजिमको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई सम्झनुपर्छ।

(ख) "परिषद् कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रिय कार्यालयलाई सम्झनुपर्छ।

(ग) "प्रदेश कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश कार्यालय सम्झनु पर्छ।

(घ) "शिक्षालय" भन्नाले परिषद्का आङ्गिक प्राविधिक तथा बहु-प्राविधिक शिक्षालय र तालीम केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले परिषद् अन्तर्गत साझेदारी स्वरुपमा सञ्चालित प्राविधिक तथा बहु-प्राविधिक शिक्षालयहरूलाई समेत जनाउछ।

(ङ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेको सामुदायिक विद्यालय (टेक्स) र प्राविधिक धार सञ्चालन भएको सामुदायिक विद्यालयहरूलाई सम्झनु पर्छ,

(च) "निजी क्षेत्रमा सञ्चालित संस्था" भन्नाले परिषद् कार्यालयबाट सम्बन्धन लिई छोटो अवधिका तालीम सञ्चालन गर्दै आएका निजी क्षेत्रमा सञ्चालित तालीम प्रदायक संस्थाहरूलाई सम्झनुपर्छ,

(छ) "औद्योगिक प्रतिष्ठान" प्रशिक्षार्थीहरूलाई कार्यगत तालीम तथा रोजगारीको अवसर प्रदान गर्ने उद्योग व्यवसायलाई सम्झनु पर्छ,

(ज) "तालीम प्रदायक संस्था" भन्नाले शिक्षालय, विद्यालय र निजी क्षेत्रमा सञ्चालित शिक्षण संस्थालाई सम्झनु पर्छ,

(झ) "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा स्वीकृत भएको छोटो अवधिको पाठ्क्रमलाई सम्झनु पर्छ,

(ञ) “प्रशिक्षक” भन्नाले परिषद्‌द्वारा स्वीकृत पाठ्यक्रम अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सीप सिकाउन सम्बन्धित तालीम प्रदायक संस्थाले नियुक्त गरिएको प्राविधिक व्यक्तिलाई सम्झनु पर्छ,

(ट) “प्रशिक्षार्थी” भन्नाले तालीममा छनोटभै सहभागी व्यक्तिलाई सम्झनु पर्छ,

(ठ) “सीप परीक्षण” भन्नाले तालीम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको राष्ट्रिय सीप परीक्षण समितिले सञ्चालन गर्ने सीप परीक्षण सम्झनु पर्छ।

## परिच्छेद — दुई

## तालीमको आवश्यकता पहिचान र सहभागी छनोटका आधार

३. <u>तालीमको आवश्यकता पहिचानः</u>

(१) स्थानीय तह र प्रदेश सरकारले प्राथमिकता दिएका क्षेत्रहरूका साथै सरकारले पहिचान गरेका आयोजनाहरू तथा अन्य क्षेत्रमा आवश्यक सीपमूलक जनशक्तिको आवश्यकता पहिचान गर्ने। सीपमूलक तालीमको आवश्यकता पहिचान गर्नको लागि देहायका विषयबस्तुलाई आधार लिइनेछ।

(क) सम्बन्धीत स्थानीय तहबाट सिफारिस तथा माग,

(ख) स्थानीय, प्रदेश र संघिय तहमा रहेका औद्योगिक प्रतिष्ठानको सिफारिस तथा माग,

(ग) सम्बन्धीत उद्योग व्यवसायको जनशक्ति आवश्यकताको पहिचान,

(घ) श्रम बजारको माग र रोजगारीको सम्भावना,

(ङ) स्वदेशी बजारमा उत्पादित वस्तु तथा सेवाको बजारको सम्भावना,

(च) स्वरोजगारीको सम्भावना तथा अवसर,

(छ) वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको माग।

(२) स्थानीय तह, उद्योगी, व्यावसायी र रोजगारदाताको माग र सिफारीसका आधारमा आवश्यक जनशक्तिको पहिचान गरिनेछ।

४. <u>तालीम सहभागी छनोटः</u>

(१) तालीमका लागि विपन्न, सुविधा बिहिन, दुर्गम तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने समुदाय, लोपोन्मुख, अतिसिमान्तकृत, सिमान्तकृत, जनजाती, महिला, मधेशी, दलित, शहीद परिवार, द्वन्द पिडित तथा आन्दोलनका क्रममा घाईते परिवार, युवा, अपाङ्गता भएका व्यक्ति, बैदेशिक रोजगारबाट फर्किएका युवाहरू यस तालीमका प्राथमिक लक्षित बर्ग हुन्।

(२) तालीमका लागि प्रशिक्षार्थी छनोट तथा भर्ना गर्दा निम्न प्रक्रिया पुरा गर्नुपर्नेछ।

(क) सार्वजनिक सूचना मार्फत आवेदन माग,

(ख) आवेदन संकलन,

(ग) प्राप्त भएका आवेदनहरू रुजु,

(घ) अन्तर्वार्ता, (उद्योग व्यावसायि समेतको सहभागीतामा)

(ङ) वैकल्पिक सहभागी सहितको नतिजा प्रकाशन,

(च) मुख्य सहभागी भर्ना नभएको अवस्थामा बैकल्पिकबाट भर्ना।

## परिच्छेद — तीन

## तालीम समन्वय तथा सञ्चालन समिति

५. **केन्द्रिय समन्वय समितिः**

(१) यस कार्यविधि बमोजिम सीपमुलक तालीम प्रभावकारी रुपमा सञ्चालन गर्न सहजीकरण र समन्वयका लागि संघीय तहमा देहाय बमोजिम केन्द्रिय समन्वय समिति रहनेछ।

(क) उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् — अध्यक्ष

(ख) उपाध्यक्ष, राष्ट्रिय युवा परिषद् — सदस्य

(ग) सदस्य-सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् — सदस्य

(घ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ — सदस्य

(ङ) अध्यक्ष, साना तथा घरेलु उद्योग महासंघ — सदस्य

(च) अध्यक्ष, होटल संघ नेपाल — सदस्य

(छ) अध्यक्ष, नेपाल निर्माण व्यावसायी महासंघ — सदस्य

(ज) कृषिसँग सम्बन्धित रोजगारदाता व्यावसायी मध्ये समितिले मनोनयन गरेको १ जना — सदस्य

(झ) निर्देशक, तालीम विकास महाशाखा, परिषद् — सदस्य-सचिव

(२) बुदाँ नं (१) बमोजिम गठन गरिएको केन्द्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकारहरू देहाय अनुसार हुनेछः-

(क) प्राविधिक जनशक्तिको आवश्यकता र उपयोगिता सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने गराउने,

(ख) श्रम बजार र रोजगारीको आधारमा पाठ्यक्रम तयारीका लागि सहजीकरण गर्ने,

(ग) कार्यस्थलको सिकाई सुनिश्चित हुनेगरी तालिम कार्यक्रम सञ्चालनका लागि सार्वजनिक, सहकारी र निजी क्षेत्रका रोजगारदाताहरूसँग समन्वय गर्ने गराउने,

(घ) प्रशिक्षार्थीहरूलाई तालीम पश्चात उद्यमी वन्न वा रोजगारीमा आवद्द गराउनका लागि विभिन्न वित्तीय संस्थाहरूसँग अनुदान तथा सुलभ कर्जाका लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) जनशक्ति प्रक्षेपणका लागि अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने गराउने,

(३) समितिको बैठकमा आवश्यकता अनुसार तालीम प्रदायक संस्था, रोजगारदाता, उद्योगी तथा व्यावसायीहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **तालीम सञ्चालन समन्वय समितिः**

(१) यस कार्यविधि बमोजिम तालीमलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न हरेक प्रदेशमा देहाय बमोजिम तालीम सञ्चालन समन्वय समिति रहनेछ।

(क) निर्देशक, परिषद् प्रदेश कार्यालय — अध्यक्ष

(ख) प्रतिनिधि, अधिकृतस्तरको कर्मचारी, सामाजिक विकास मन्त्रालय — सदस्य
सदस्य

(ग) प्रतिनिधि, रोजगारदाता संघ/संगठन मध्ये एक जना — सदस्य

(घ) उप-निर्देशक (तालीम हेर्ने), परिषद् प्रदेश कार्यालय — सदस्य

(ङ) प्रशासन प्रमुख, परिषद् प्रदेश कार्यालय — सदस्य-सचिव

(२) उल्लेखित समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) तालीम सञ्चालनको लागि प्रदेश तहमा सामाजिक विकास तथा अन्य सरोकार मन्त्रालय (उद्योग, पर्यटन, बन तथा वातावरण, भुमी व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय), स्थानीय तह र तालीम प्रदायक संस्थाहरूसँग समन्वय गर्ने,

(ख) प्रदेश तहबाट सञ्चालन हुने सीपमूलक तालिमको पाठ्यक्रम तथा सञ्चालन स्वरुपमा एकरुपता कायम गर्न पहल गर्ने,

(ग) स्थानीय तह तथा औद्योगिक प्रतिष्ठानहरूबाट पहिचान भएका तालिमका आवश्यकताको आधारमा तालीमको क्षेत्र, विषय, समयावधि एकिन गर्ने,

(घ) मागभै आएका तालीमको लागत निर्धारण गर्ने (प्रति प्रशिक्षार्थी प्रति तालीम), लागत निर्धारण गर्दा परिषद् कार्यालयले तोकेको नम्स अनुसूचि २ लाई आधार वनाउने,

(ङ) प्रशिक्षार्थीहरूको रोजगारी, स्वरोजगारी तथा आय आर्जनका लागि सम्बन्धीत सरोकारवाला उद्योग, व्यवसाय तथा संघ संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(च) तालीम प्रदायक संस्था छनोट गर्ने,

(छ) चेक लिष्टको आधारमा तालीमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) तालीम सञ्चालनमा देखिएका विवाद/समस्याको निरोपण गर्ने,

(झ) तालीम प्रतिवेदन एकीकृत गरी सामाजिक विकास मन्त्रालय र परिषद् कार्यालयमा पठाउने,

(ञ) तालीमको अनुगमन क्रममा देखिएका कमिकमजोरीहरूको सुधारका लागि तत्काल पृष्ठपोपण दिने,

(ट) परिषद् कार्यालय, केन्द्रिय समन्वय समिति एवं सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका कार्य गर्ने।

(ठ) तालिमको प्रारम्भिक (प्रशिक्षार्थी छनोट तथा तालिम शुभारम्भ), तालिम सम्पन्न र रोजगारी सम्बन्धी प्रतिवेदन पेश गर्ने गराउने।

(३) समितिको बैठकमा आवश्यकता अनुसार तालीम प्रदायक संस्था, रोजगारदाता, उद्योगी तथा व्यावसायीहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

# परिच्छेद — चार

## सरोकारवाला वर्गको भूमिका

७. **स्थानीय तहको भूमिकाः**

(१) आवश्यकता, भूगोल र जनसंख्याको आधारमा जनशक्तिको पहिचान गरी तालिमका सहभागीको छनोट सिफारिस र व्यवस्थापन गर्ने,

(२) स्थानीय तह भित्र सञ्चालित तालिम कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र समिक्षा गर्ने,

(३) तालिम सम्पन्न गरेका व्यक्तिहरूलाई रोजगारी तथा आय आर्जनमा आवद्ध गर्नका लागि सहजीकरण गर्ने,

(४) लागत साझेदारीका आधारमा तालीम कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने।

८. **प्रदेश कार्यालयको भूमिकाः**

(१) प्रदेश भित्र रहेका सबै स्थानीय तह र औद्योगिक प्रतिष्ठानहरूसँग पत्राचार तथा समन्वय गरी आवश्यकता पहिचान भएका तालीमको क्षेत्र, विषय र संख्या आदिको विवरण संकलन गर्ने,

(२) पहिचान भएका तालीमका क्षेत्र, विषय र तहलाई बर्गिकरण र समुह बिभाजन (clustering) गरि तालिम सञ्चालन समन्वय समितिमा पेश गर्ने ,

(३) रोजगार, स्वरोजगार तथा आय आर्जन सुनिश्चितता हुने सम्भावनाको आधारमा तालीमको प्रथमिकता निर्धारण गर्ने,

(४) तालीमको पाठ्यक्रम तथा सीप प्रमाणिका उपलब्ध छ छैन निश्चित गरेर मात्र उक्त तालीमको प्रक्रिया अगाडि बढाउने,

(५) तालिम सञ्चालन गर्ने स्थानको प्रमाणीकरण (verification) गर्ने,

(६) प्रशिक्षक तालिमको लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानलाई अनुरोध गर्ने,

(७) तालीम सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, आवश्यकता अनुसार क्षमता अभिवृध्दि गर्ने,

(८) तालीम प्रदायक संस्थाहरूसँग तालीम सञ्चालनका लागि सम्झौता गरी आय आर्जन सुनिश्चित हुने गरी तालीम सञ्चालन गर्ने गराउने,

(९) कार्यस्थलको सिकाई तथा रोजगारी सुनिश्चितताका लागि सम्बन्धित उद्योग व्यवसायसँग समन्वयका लागि सहजिकरण गर्ने,

(१०) तालिमको विषय र सहभागी छनौटका लागि राष्ट्रिय युवा परिषद्सँग समेत समन्वय र सहकार्य गर्ने,

(११) तालीमको योजना तयार गरी परिषद् कार्यालय, तालीम विकास महाशाखा र सामाजिक विकास मन्त्रालयमा पठाउने,

(१२) तालीमको नियमित अनुगमन गर्ने गराउने,

(१३) सम्झौता अनुसारको रकम सम्बन्धीत तालिम प्रदायक संस्थालाई नियमानुसार भुक्तानी दिने,

(१४) सीप परीक्षणको अनलाईन (online) फाराम भर्नका लागि तालिम प्रदायक संस्थाहरुलाई सहजीकरण गर्ने,

(१५) सीप परीक्षणकालागि तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीहरूको अनलाईन सीप परीक्षण फारम भरी पठाए पछि तालिम र प्रशिक्षार्थीहरूको विवरण प्रमाणीत गरी राष्ट्रिय सीप परीक्षण समितिमा पठाउने,

(१६) तालीमको प्रगति प्रतिवेदनहरू तयार गरी परिषद् कार्यालय, तालीम विकास महाशाखा र सामाजिक विकास मन्त्रालयमा पठाउने।

## ९. <u>तालीम प्रदायक संस्थाको भूमिकाः</u>

(१) तालीम सञ्चालनका लागि स्थान, पाठ्यक्रममा उल्लेख भए अनुसार तालिम सामग्री, औजार तथा उपकरण व्यवस्था गर्ने,

(२) खरिद गरिएका तालिम सामग्री, औजार तथा उपकरणलाई जिन्सी खातामा आम्दानी बाध्ने, आवश्यकता अनुसार मर्मत सम्भार गर्ने,

(३) तालीम सञ्चालनका लागि तोकिएको योग्यता पुरा गरेका प्रशिक्षकहरूको व्यवस्था गरी करारनामा गर्ने,

(४) प्रशिक्षकहरुको तालिमका लागि सम्बन्धित प्रदेश कार्यालय समक्ष अनुरोध गर्ने,

(५) तालिमका सहभागीहरुलाई तालिम अवधिभर सक्रिय रुपमा तालिममा सहभागी हुने प्रतिवद्दता गराउने,

(६) तालिम कार्यक्रमको जानकारी (अनुसूची १ बमोजिम) परिषद् प्रदेश कार्यालय र तालीम सञ्चालन हुने स्थानीय तहमा उपलब्ध गराउने,

(७) पाठ्यक्रममा ब्यवस्था भए बमोजिम सैद्धान्तिक र कार्यस्थलमा आधारित प्रयोगात्मक कक्षा सञ्चालन गर्ने,

(८) एक समूहमा अधिकतम २० जना प्रशिक्षार्थीहरू समावेश गर्ने,

(९) पाठ्यक्रम अनुसार सबै सीपको अभ्यास गराई तोकिएको अवधि (दिन र घण्टा) मा तालीम सम्पन्न गर्ने,

(१०) तालिम सुरु भएको एक हप्ता भित्र तालिममा सहभागीहरूको विवरण प्रदेश कार्यालयमा पठाउने,

(११) सीप परीक्षण गर्नुपर्ने तालीमको हकमा तालीम सञ्चालन भएको एक महिना भित्र अनलाईन सीप परीक्षण फाराम भरी सम्बन्धीत प्रदेश कार्यालयसँग समन्वय गरी तालिम सम्पन्न पश्चात सीप परीक्षणको व्यवस्था गर्ने,

(१२) सीप परीक्षणको लागि आवश्यक परीक्षण सामग्रीको व्यवस्था गर्ने,

(१३) प्रशिक्षार्थी हाजिरी, प्रशिक्षक लगबुक, समय तालिका र दैनिक पाठ योजना तयार गरी तालीम सञ्चालन गर्ने,

(१४) प्रभावकारी सिकाई तथा प्रशिक्षार्थीको नियमितता र ड्रप आउट (dropout) रोक्नका लागि प्रशिक्षार्थीहरूलाई परामर्शको व्यवस्था गर्ने,

(१५) तालीम सञ्चालन अवधिमा पाठ्यक्रम अनुसार प्रशिक्षार्थीहरूको सिकाई परिक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(१६) तालीमको समयमा प्रत्येक प्रशिक्षार्थीहरूलाई छुट्टाछुट्टै प्रयोगात्मक अभ्यास गर्न लगाउने,

(१७) स्थानीय उद्योग, व्यावसाय, सहकारी, उपभोक्ता समिति तथा रोजगारदाताहरूसँग समन्वय गरी प्रशिक्षार्थीहरूलाई प्रयोगात्मक अभ्यास तथा रोजगारीको अवसर उपलब्ध गराउने,

(१८) तालीमका सहभागीहरूको सिकाई उपलब्धिको लागि निरन्तर, आवधिक र अन्तिम मूल्याङ्कन गर्ने,

(१९) तालीम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई सम्पन्नता प्रमाण पत्र प्रदान गर्ने,

(२०) तालीम पश्चात प्रशिक्षार्थीहरूलाई रोजगारी सुनिश्चितता तथा आय अर्जनका लागि आवश्यक पहल गर्ने,

(२१) तालिम आफ्नो क्षेत्राधिकार भित्र रही तोकिएको क्षेत्रमा मात्र सञ्चालन गर्ने,

(२२) सहभागीहरूलाई उद्यमशीलता विकास र लैङ्गिक तथा सामाजिक समावेसीकरण (GESI) विषयमा समेत व्यावहारीक विषयमा जानकारी प्रदान गर्ने,

(२३) सहभागीलाई तालीम पछि स्वरोजगार बन्नका लागि उत्प्रेरित गर्ने उद्देश्यले स्थानीय स्तरमा रहेका उद्यमी, व्यावसायि, वित्तीय संस्थाहरूसँग समन्वयन गरी उनिहरूले प्रदान गर्ने सेवा सुविधाहरूका वारेमा जानकारी दिने व्यवस्था मिलाउने,

(२४) अनुगमनका क्रममा औल्याईएका विषयवस्तुलाई सुझावको रुपमा लिई कार्यान्वयन गर्ने गराउने,

(२५) तालीमका सहभागीहरूलाई सम्झौता बमोजिम दैनिक खाजा खर्च उपलब्ध गराउने (अनुसूची-७ अनुसार),

(२६) तालीमको व्यवस्थापन पक्ष चुस्त एव दुरुस्त राख्ने,

(२७) तालीम सम्पन्न प्रतिवेदन अनुसूची ४ बमोजिम प्रदेश कार्यालयमा पठाउने,

(२८) प्रयोगात्मक अभ्यास सुनिश्चितताका लागि तालीम प्रदायक संस्थाले, सहकारी, समुह, सामुदायिक वन उपभोक्ता महासंघ, उद्योगी, व्यावसायी र रोजगारदाताहरू द्विपक्षीय तथा बहुपक्षिय सम्झौता गर्ने,

(२९) उद्यमी बन्नका लागि आवश्यक लगानीको व्यवस्था गर्न युवा स्वरोजगार कोष तथा अन्य वित्तीय सहयोग उपलब्ध गराउने निकायहरूसँग समन्वय गर्ने गराउने,

(३०) अनुगमन मुल्याङ्कन पुस्तिकाको व्यवस्था गरी पुस्तिकामा स्पष्ट रुपमा अनुगमनकर्ताको धारणा उल्लेख गर्न लगाई सो को प्रतिलिपी अन्तिम भुक्तानीका लागि पेश गर्ने।

(३१) तालीम सञ्चालन सम्बन्धमा तालीम सम्बन्धी तथ्यगत (प्रशिक्षार्थी संख्या, छोड्नेको संख्या, सीप परीक्षणमा सहभागि, उर्तिण र रोजगारीको अवस्था) सूचना राख्ने,

(३२) सिपमूलक तालिम सम्पन्न गरेको प्रमाण पत्र वा सीप प्रमाणिकरण प्रमाणपत्रको आधारमा सम्बन्धित विषयमा उद्यम सञ्चालन गर्न इच्छुक समुहलाई वित्तीय सहयोगको अन्य वित्तीय संघ संस्थाहरुसँग समन्वय गर्ने।

(३३) स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डहरू सम्बन्धी स्थानहरूमा सवै देखे गरी राख्ने र यसको पूर्ण रूपमा पालना गरी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।

## १०. <u>औद्योगिक प्रतिष्ठान र रोजगादाताको भूमिकाः</u>

(१) औद्योगिक प्रतिष्ठानहरूका लागि आवश्यक जनशक्ति प्रक्षेपणमा सहयोग पुयाउने,

(२) श्रम बजारको माग अनुसारका पाठ्यक्रम निर्माण/परिमार्जन गर्न सहयोग पुयाउने,

(३) प्रशिक्षाथीहरूलाई उद्योग व्यवसायहरूमा कार्यस्थल प्रशिक्षण दिने कार्यमा सहयोग पुयाउने।

(४) औद्योगिक प्रशिक्षार्थी तालिम (Apprentice), Workers further training सञ्चालनका लागि उद्योग पहिचान तथा औद्योगिक प्रशिक्षण सञ्चालनमा सहयोग पुयाउने। प्रशिक्षार्थीहरूलाई न्युनतम सुविधा उपलब्ध गराउन समन्वय गर्ने।

(५) उद्योग व्यावसायीहरूलाई उत्पादनशिल जनशक्ति तयार गर्न तालीम सञ्चालनमा सहभागी हुन प्रोत्साहन गर्ने,

(६) जनशक्ति उत्पादनका लागि परिषद् कार्यालयलाई आवश्यक सुझाव उपलव्ध गराउने,

(७) उत्पादित जनशक्तिलाई रोजगारी उपलब्ध गराउन सहयोग पुयाउने।

(८) आवश्यकता अनुसार स्रोत व्यक्तिको रुपमा प्रशिक्षणमा सहयोग गर्ने।

११. **प्रशिक्षकको भूमिकाः**

(१) पाठ्यक्रममा व्यवस्था भए बमोजिम सैद्धान्तिक तथा कार्यस्थलमा आधारित प्रयोगात्मक कक्षा सञ्चालन गर्ने,

(२) एक समूहमा अधिकतम २० जना प्रशिक्षार्थीहरू समावेश गरी सबैले सिक्ने समान अवसर सुनिश्चित गर्ने,

(३) पाठ्यक्रम अनुसार सबै सीपको अभ्यास गराई तोकिएको अवधि (दिन र घण्टा) मा तालीम सम्पन्न गर्ने,

(४) तालीम सुरु भएको एक हप्ता भित्र तालीममा सहभागीहरूको विवरण प्रदेश कार्यालयमा पठाउन अग्रणी भूमिका निर्वाह गर्ने,

(५) सीप परीक्षण गर्नुपर्ने तालीमको हकमा तालीम सञ्चालन भएको एक महिना भित्र अनलाईन (online) सीप परीक्षण फाराम भरी सम्बन्धित प्रदेश कार्यालयसँग समन्वय गर्न सहयोग गर्ने,

(६) प्रशिक्षार्थी हाजिरी, प्रशिक्षक लगबुक, समय तालिका र दैनिक पाठ योजना तयार गरी तालीम सञ्चालन गर्ने,

(७) प्रशिक्षार्थीहरूलाई पाठ्यक्रम, पाठ्यसामाग्री तथा अन्य शैक्षिका समाग्री उपलब्ध गराउने,

(८) प्रभावकारी सिकाई तथा प्रशिक्षार्थीको नियमितता कायम गरी र बीचमा तालिम छोड्नबाट रोक्नका लागि प्रशिक्षार्थीहरूलाई परामर्शको (counseling) व्यवस्था गर्ने,

(९) तालीम सञ्चालन अवधिमा पाठ्यक्रम अनुसार प्रशिक्षार्थीहरूको सिकाई उपलब्धि परिक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(१०) तालीमको समयमा प्रत्येक प्रशिक्षार्थीलाई छुट्टाछुट्टै प्रयोगात्मक अभ्यास गर्न लगाउने,

(११) स्थानीय उद्योग, व्यावसाय, सहकारी, उपभोक्ता समिति तथा रोजगारदाताहरूसँग समन्वय गरी प्रशिक्षार्थीहरूलाई प्रयोगात्मक अभ्यास तथा रोजगारीको अवसर उपलब्ध गराउने,

(१२) तालीमका सहभागीहरूको सिकाई उपलब्धि मूल्याङ्कनको लागि निरन्तर, आवधिक र अन्तिम मूल्याङ्कन गर्ने।

(१३) स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डहरू पूर्ण रूपमा पालना गर्न लगाई तालिम कक्षाहरू सञ्चालन गर्ने।

१२. **प्रशिक्षार्थीको भूमिकाः**

(१) तालिम अवधिभर सक्रिय एवं अनुशासित तरिकाले न्यूनतम ९० प्रतिशत रुजु हाजिर भई सहभागी हुने,

(२) व्यवसाय जन्य स्वास्थ्य तथा सुरक्षाको नियम पालन गर्ने,

(३) स्वास्थ्य सुरक्षाका लागि तोकिएको मापदण्ड पूर्ण रूपमा पालना गर्ने,

(४) तालीम अवधिमा दिइएको निर्दिष्ट कार्य सिकाइप्रति उत्प्रेरित हुने,

(५) तालीम तथा तालीम प्रदायक संस्थाको नियममा रहि आफ्नो दायित्व निर्वाह गर्ने,

(६) तालीम पश्चात सोही व्यवसायमा उद्यमशील भई कार्य गर्न अभिप्रेरित हुने,

(७) तालीम प्रदायक संस्थाले लिने सिकाई उपलब्धि मूल्याङ्कन प्रक्रियामा सहभागी हुने,

(८) सीप परीक्षणमा सहभागी हुने,

(९) तालिम अवधीभर तालिममा सक्रिय सहभागि हुने कबुलियतनामा गर्ने।

१३. <u>सरकारी, सहकारी र अन्य निकायहरूको भूमिकाः</u>

(१) तालीमका प्रशिक्षार्थीहरूलाई कार्यस्थलको सिकाईको अवसर प्रदान गर्न सरकारी, गैह्र सरकारी, सहकारी र अन्य संघ संस्थाहरूले आफ्नो नियमित काममा वाधा नपर्ने गरी सेवा र सुविधाहरू उपलब्ध गराउने,

(२) आफू र आफ्नो स्वमित्वमा रहेका भौतिक पूर्वाधारमा प्रयोगात्मक शैक्षिक अभ्यास, On the Job Training- OJT गराउनका लागि व्यवस्था मिलाउने,

(३) श्रम बजारको माग अनुसार पाठ्यक्रम निर्माण तथा परिमार्जन, पाठ्यपुस्तक, पाठ्यसामाग्री तयारीको लागि सहयोग गर्ने,

(४) आवश्यकता अनुसार श्रोत व्यक्तिको रूपमा प्रशिक्षणमा सहयोग गर्ने,

(५) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न विषय विज्ञहरू उपलब्ध गराउने,

(६) उत्पादित जनशक्तिलाई रोजगारीको व्यवस्था मिलाउन प्राथमिकता दिने।

## परिच्छेद — पाँच तालीम

## प्रदायक संस्थाको छनोट र सम्झौता

१४. <u>संस्था छनौटः</u>

(१) शिक्षालय र विद्यालयको छनोट

(क) प्रदेश भित्र सञ्चालनमा रहेका शिक्षालय र विद्यालयहरूको भौतिक पूर्वाधार, जनशक्ति र रोजगार तथा आय आर्जन सुनिश्चित हुने आधारमा सञ्चालन गर्ने तालीमको विषय र संख्या (समूह) निर्धारण गर्ने,

(ख) तालीमको संख्या (समूह) निर्धारण गर्दा शिक्षालय र विद्यालयहरूमा उपलब्ध भौतिक पूर्वाधार, जनशक्ति र विगत वर्षहरूमा सञ्चालन भएको कार्यक्रमको आधार मूल्यांकन गरी शिक्षालयको हकमा अधिकतम ६ ओटा र विद्यालयको हकमा अधिकतम ३ ओटा दरले तालीमको संख्या (समूह) निर्धारण गर्ने,

(ग) स्थानीय तहको लिखित माग भै आएको अवस्थामा आङ्गिक शिक्षालयहरूले कार्यक्रम सञ्चालन नभएको विषयका सम्बन्धमा उपलब्ध भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी तालीमको गुणस्तर सुनिश्चित हुने गरी तालीम सञ्चालन समन्वय समितिको वैठकबाट निर्णय गराई उक्त विषयमा अधिकतम थप ३ ओटा तालीम सञ्चालन गर्न स्वीकृति दिने,

(घ) तालिम कार्यक्रमहरू शिक्षालयमै (in-house) सञ्चालन गर्नुपर्नेछ। घुम्ती तालिम सञ्चालन गर्नु पर्ने अवस्थामा गुणस्तर सुनश्चितता हुने गरी आवश्यक पूर्वाधारको field verification गरेर गर्ने।

(ङ) प्रदेश भित्र सञ्चालन हुने कुल तालीम संख्या मध्ये शिक्षालय र विद्यालयलाई उपलब्ध गराईएको तालीम संख्याबाट बाँकी रहन आएका तालीमको संख्या, विषय र स्थान एकिन गरी निजी क्षेत्रमा सञ्चालित तालीम प्रदायक संस्थाको छनोट गर्ने। निजी क्षेत्रका तालीम प्रदायक संस्थाहरूलाई उपलब्ध गराईने तालीम संख्या प्रदेशमा सञ्चालन हुने जम्मा तालीम संख्याको ३० प्रतिशत भन्दा बढी हुनेछैन।

(२) निजी क्षेत्रमा सञ्चालित तालीम प्रदायक संस्थाको छनोट

(क) माग भै आएका तालीमको संख्या, विषय, स्थानको एकिन पश्चात परिषद्सँग सम्बन्धन लिई छोटो अवधिका तालीम सञ्चालन गर्दै आएका निजी क्षेत्रमा सञ्चालित तालीम प्रदायक संस्थाहरूलाई तोकिएको क्षेत्र र विषयमा तालीम सञ्चालन गर्नका लागि सार्वजनिक सूचना मार्फत आब्हान गर्ने,

(ख) संस्थाहरूको छनोट गर्दा निश्चित मापदण्ड तयार गरी सार्वजनिक खरिद ऐन, नियमावली अनुसार गर्ने,

(ग) तालीम प्रदायक संस्था छनोट गर्ने प्रक्रिया देहाय अनुसार हुनेछः-

(१) सूचिकृत गर्ने,

(२) प्राविधिक र आर्थिक प्रस्ताव माग गर्ने,

(३) प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्ने,

(४) प्राविधिक प्रस्तावनामा पास भएको संस्थाको आर्थिक प्रस्तावनाको मूल्याङ्कन गर्ने,

(५) छनोट र सम्झौता गर्ने।

(घ) छनोट भएका तालीम प्रदायक संस्थाहरूलाई उक्त संस्थाले परिषद् कार्यालयसँग तालीम सञ्चालनका लागि सम्बन्धन लिए अनुरुप एउटा कार्यक्रममा बढीमा ३ ओटा समुहमा तालीम सञ्चालन गर्न सक्ने तर एउटा संस्थाले बढीमा ६ ओटा समुह सम्म मात्र तालीम सञ्चालन गर्न पाउनेछन्।

१५. <u>तालीम सम्झौताः</u>

(१) तालीम सञ्चालनका लागि छनोट भएका शिक्षालय, विद्यालय तथा तालीम प्रदायक संस्थाहरूसँग प्रदेश कार्यालयले सम्झौता (contract) गर्ने,

(२) सम्झौता पत्रमा शिक्षालय, विद्यालय तथा तालीम प्रदायक संस्थाहरूको भूमिका स्पष्ट उल्लेख गर्नुका साथै तालीम सञ्चालन वापत पाउने तालीम खर्च तथा भुक्तानी प्रक्रियाका वारेमा उल्लेख गर्ने,

(३) शिक्षालय, विद्यालय तथा तालीम प्रदायक संस्थाहरूबाट तालीम सञ्चालनको कार्य योजना लिने र उक्त कार्य योजना परिषद् कार्यालय तालीम विकास महाशाखा र सामाजिक विकास मन्त्रालयलाई उपलब्ध गराउने।

## परिच्छेद — छ

## तालीम खर्च, पाठ्यक्रम र सिकाइ पद्दति

१६. <u>तालीम सञ्चालन खर्च र भुक्तानीः</u>

(१) तालीमको समयावधि स्वीकृत पाठ्यक्रम र पेशा अनुसार फरक फरक हुन सक्नेछ।

(२) पेशा र समयावधि अनुसार तालीम खर्च फरक फरक हुनेछ।

(३) तालीमको क्षेत्र, विषय र समयावधि अनुसार तालीम सञ्चालन समन्वय समितिले तोके अनुसार तालीम सञ्चालन खर्च निर्धारण हुनेछ। जसमा तालीम सञ्चालन वापत तालीम प्रदायक संस्थालाई उपलब्ध गराईने रकम, प्रशिक्षार्थीको खाजा खर्च, प्रदेश कार्यालयबाट गरिने अनुगमन तथा मूल्याङ्कन र सीप परीक्षण शूल्क बापतको रकम समेत समावेश गरिएको हुनेछ।

(४) शिक्षालय तथा विद्यालयहरूको लागि तोकिएको तालीम सञ्चालन खर्च र निजी स्तरमा सञ्चालित तालीम प्रदायक संस्थाहरूको हकमा तोकिएको खर्चमा नवढ्ने गरी सम्झौतामा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराईने छ।

(५) तालीम प्रदायक संस्थालाई तालीम शूल्क वापतको रकम भुक्तानी गर्दा तालीम सञ्चालन गर्नु पूर्व तालीम सञ्चालन कार्य योजना पेश गरे पछि कुल सम्झौता रकमको २० प्रतिशत रकम, तालीम सञ्चालन भएको विवरण अनुसूची ३ मा सहभागीको विस्तृत विवरण उल्लेख भए अनुसार पेश गरे पश्चात ६० प्रतिशत रकम र सीप परीक्षण सम्पन्न प्रतिवेदन तथा सीप परीक्षण नहुने तालीमको हकमा तालीम सम्पन्न प्रतिवेदन पेश गरे पश्चात बाँकी २० प्रतिशत रकम उपलव्ध गराईनेछ।

(६) निजी स्तरमा सञ्चालित तालीम प्रदायक संस्थाहरूको हकमा तालीम सञ्चालन गर्नु पूर्व तालीम सञ्चालन कार्य योजना पेश गरे पछि कुल सम्झौता रकमको २० प्रतिशतको बैंक ग्यारेन्टी पेश गरेमा २० प्रतिशत मोबिलाईजेसन पेश्की रकम उपलब्ध गराइने र बाँकी रकम दफा ५ मा उल्लेख भए अनुसार उपलव्ध गराईनेछ।

(७) तालीम सञ्चालन गर्दा अनुसूची -२ बमोजिमको खर्च विवरणको परिधिमा रहेर गर्ने,

(८) प्रशिक्षकहरूको पारिश्रमिक सम्बन्धीत प्रशिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्ने।

१७. <u>पाठ्यक्रमः</u>

(१) सबै सीपमूलक तालीमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछन्,

(२) पाठ्यक्रम तयार नभएको कुनै नयाँ विषयहरूमा तालीमको माग भएमा प्रदेश कार्यालयको अनुरोधमा परिषद् कार्यालय पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले तयार गरी तालीम सञ्चालन गर्न सकिनेछ,

(३) जीविकोपार्जन (livelihood) सम्बन्धी तालीम कार्यक्रमहरू सम्बन्धीत विषयको पाठ्यक्रमबाट विषय वस्तु (contents) लिई परिषद् कार्यालयले तोकिदिएको खाका बमोजिम तयार गरेको स्थानीय पाठ्यक्रम (local curriculum) परिषद् प्रदेश कार्यालयबाट स्वीकृत गराई सो अनुसार सञ्चालन गर्न सकिनेछ, यसरी तयार भएका पाठ्यक्रमहरू परिषद् कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) तालीमका पाठ्यक्रमहरूको विवरण परिषद्को वेभसाईट (website) मा राखिनेछ।

१८. <u>प्रशिक्षण सञ्चालन पद्धतिः</u>

(१) कार्यस्थलको सिकाइ तथा आवश्यकतानुसार कार्यगत तालीम (On-the-Job Training-OJT) को सुनिश्चितताका लागि सम्बन्धीत सरकारी सहकारी र निजी क्षेत्रका उद्योग व्यावसायीसँग द्विपक्षीय एवं वहुपक्षिय सम्झौता गर्ने,

(२) तालीमको अवधिमा प्रशिक्षार्थीहरूलाई पेशा, श्रम बजार र रोजगार सम्बन्धी जानकारी दिईनेछ। त्यसका अतिरिक्त व्यक्तिगत र कार्यशाला सुरक्षा र पेशागत जोखिम सम्बन्धी जानकारी कक्षाहरू समेत प्राथमिकताका साथ सञ्चालन गरिनेछन्,

(३) तालीम प्रदायक संस्थाले तालीम अवधिमा प्रशिक्षार्थीहरूलाई समय-समयमा सम्बन्धीत उद्योगको भ्रमण गराई स्थलगत र वस्तुगत जानकारी (real exposure) गराउनु पर्नेछ,

(४) तालीमको अवधिमा प्रशिक्षार्थीहरूको अन्तिम मूल्याङ्कन (ज्ञान, सीप र आचरण) को आधारमा सहभागीताको प्रमाणपत्र उपलब्ध गराइने छ।

## परिच्छेद — सात

## तालीमको अनुगमन तथा मूल्याङ्कन

१९. <u>तालीमको अनुगमन तथा मूल्याङ्कनः</u>

(१) तालीमको अनुगमन तथा मूल्याङ्कन स्थानीय तह, परिषद् प्रदेश कार्यालय, सामाजिक विकास मन्त्रालय र परिषद् कार्यालयबाट गरिने छ।

(२) तालीमको अनुगमनको पहिलो जिम्मेवार निकाय तालीम प्रदायक संस्था हुनेछ। परिषद् प्रदेश कार्यालयले तालीमको नियमित तथा आवश्यकता अनुसार आकस्मिक रुपमा अनुगमन गर्ने गराउने व्यवस्था गर्नेछ।

(३) तालीम अनुगमनका लागि परिषद् प्रदेश कार्यालयले सामाजिक विकास मन्त्रालय र तालीम सञ्चालन भएको स्थानको स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधिहरूलाई सहभागी गराउनेछ।

(४) अनुगमनका क्रममा तालीम सञ्चालन भएको स्थानमा राखिएको अनुगमन पुस्तिकामा स्पष्ट रुपमा अनुगमनकर्ताको धारणा वा सुझाव उल्लेख गर्न लगाईनेछ।

(५) परिषद् प्रदेश कार्यालयले तालीमको प्रगतिका सम्बन्धमा नियमित रुपमा सामाजिक विकास मन्त्रालय र परिषद् कार्यालय तालीम विकास महाशाखालाई जानकारी गराउने छ।

(६) तालीम अनुगमनका सहभागी अधिकारीले तालीम अनुगमन पछि अनिवार्यरुपमा अनुगमन प्रतिवेदन परिषद् प्रदेश कार्यालयमा पेश गर्नुपर्नेछ।

२०. <u>प्रशिक्षार्थीहरूको सुविधाः</u>

(१) तालीमका सहभागीहरूलाई तोकिए बमोजिमको सुविधा (खाजा/यातायत खर्च) उपलब्ध गराईनेछ।

## परिच्छेद — आठ

## विविध

२१. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>

यस कार्यविधिमा उल्लेखित विषय कुनै कानुनसँग बाझिएमा वा यस कार्यविधिमा उल्लेख नभएको वा स्पष्ट नभएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

२२. **<u>व्याख्या तथा संशोधनः</u>**

(१) यस कार्यविधिमा उल्लेखित विषयमा कुनै द्विविधा भएमा सोको व्याख्या तथा संशोधन परिषद् कार्यालयले गर्नेछ।

(२) छोटो अवधिको सीपमुलक तालीम कार्यविधि, २०७६ खारेज गरिएको छ।

## अनुसूचीहरू

### अनुसूची-१
### तालिमको संक्षिप्त जानकारी

| | |
|---|---|
| संस्थाको नाम र ठेगाना | |
| सर्म्पक व्यक्ति | नाम थर :<br>पद :<br>मोबाईल नम्बर :<br>ईमेल : |
| तालिमको विषय | |
| तालिम अवधि (घण्टा) | |
| प्रशिक्षार्थी छनोट मिति | |
| तालिम सञ्चालन हुने स्थान | |
| तालिम सञ्चालन हुने समय | |
| प्रशिक्षकहरूको नाम, थर योग्यता र सम्पर्क फोन नं | १)<br><br>२) |
| तालिम शुरु हुने मिति | |
| प्रशिक्षार्थी संख्या | महिलाः पुरुषः अन्यः जम्माः |
| तालिम समापन हुने मिति | |

पुनश्चः तालीम सञ्चालन पूर्व यो जानकारी सम्बन्धीत प्रदेश कार्यालयमा प्रमाणित गरी पठाउनु पर्नेछ।

## अनुसूची-२
## तालीम सञ्चालन लागत

| क्र.सं. | खर्च | विवरण | जम्मा रकम (रु.) | | |
|---|---|---|---|---|---|
| | | | १६० घण्टा | ३९० घण्टा | १६९६ घण्टा |
| १ | प्रशिक्षण | प्रशिक्षक पारिश्रमिक (२ जना प्रशिक्षक) | ६५,०००.०० | १२३,५००.०० | ४४४,०००.०० |
| २ | तालीम व्यवस्थापन | स्टेशनरी, सूचना तथा व्यानर, उद्घाटन र समापन, कार्यशाला भाडा, सुरक्षा औजार तथा अन्य खर्च | २५,०००.०० | २५,०००.०० | ३५,०००.०० |
| ३ | सामग्री तथा उपकरण | प्रशिक्षण तथा प्रयोगात्मक अभ्याससँग प्रत्यक्ष सम्बन्धित (सीप परीक्षण सामग्री समेत) | ९९,५००.०० | १४३,०००.०० | २२५,०००.०० |
| ४ | सीप परीक्षण | सीप परीक्षण शुल्क | २०,०००.०० | २०,०००.०० | ३०,०००.०० |
| ५ | अनुगमन मुल्याङ्कन | अनुगमन प्रदेश कार्यालय | १,५००.०० | १,५००.०० | ३,०००.०० |
| | | अनुगमन तालीम प्रदायक संस्था | २,०००.०० | २,०००.०० | ७,०००.०० |
| ६ | चिया खाजा | प्रशिक्षार्थी खाजा खर्च | २७,०००.०० | ६५,०००.०० | १७६,०००.०० |
| **जम्मा** | | | २४०,०००.०० | ३८०,०००.०० | ९२०,०००.०० |
| प्रति सहभागी | | | १२,०००.०० | १९,०००.०० | ४६,०००.०० |

नोट: उपलब्ध पाठ्यक्रम अनुसार तालिम सञ्चालन गर्नुपर्ने।

## अनुसूची-३
## तालीम सम्बन्धी विस्तृत जानकारी

| | |
|---|---|
| तालीमको नाम | |
| तालीम प्रदायक संस्थाको नाम, ठेगाना | |
| तालीम सञ्चालन स्थल | |
| तालीम सञ्चालन सुरु मिति | |
| प्रशिक्षकको नाम, थर र सम्पर्क नम्बर | |

**सहभागीहरूको विवरण**

| क्र.सं. | नाम, थर | लिंङ्ग | जिल्ला | पालिका | वडा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |

तालीम संयोजक
पेश गर्ने

शिक्षालय/तालीम केन्द्र प्रमुख
प्रमाणित गर्ने

मिति

## अनुसूची-४
## तालीम प्रतिबेदन

व्यवसायः

प्रशिक्षार्थी संख्या : ............ महिला :................ पुरुष :..................... जम्मा :........

जिल्ला : .... .... .... गा पा/ न पा :.... .... .... वडा नं :.... .... स्थान : .... ....

प्रतिवेदन पेश गरेको कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,

प्रदेश कार्यालय, .... .... .... प्रदेश

प्रतिवेदन पेश गर्ने .... .... .... .... .... ....

फोन नं. .............

इमेलः ..........

**प्रतिवेदनमा निम्न शिर्षकहरू समावेश हुनु पर्दछः**

क) परिचय/पृष्ठभूमि

ख) लाभग्राही

ग) प्रशिक्षण र सिकाई

घ) कार्यक्रमहरूको प्रभावकारीता

ङ) सुझावहरू

च) निष्कर्ष

छ) अनुसूची

## अनुसूची-५
## तालिम प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

| | |
|---|---|
| तालिम प्रदायक संस्थाको नाम, ठेगाना | |
| तालिम प्रदायक संस्था प्रमुखको नाम र सम्पर्क | |

| क्र.सं. | तालिम कार्यक्रमको नाम | तालिम सञ्चालन स्थल | तालिम सञ्चालन सुरु मिति | तालिममा सहभागी | | | सीप परीक्षणमा सहभागी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | |
|---|---|---|
| .................. | .................... | .................. |
| तालीम संयोजक | लेखा प्रमुख | शिक्षालय/तालीम केन्द्र प्रमुख |
| पेश गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने |

## अनुसूची-६
## प्रशिक्षार्थीहरूको खाजा खर्चको भरपाई

संस्थाः

तालीमको नामः तालीम शुरु मितिः

तालीम स्थलः भुक्तानी अवधिः

| क्र.सं. | प्रशिक्षार्थीको नाम | हाजिरी दिन | रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२. | | | | | |
| १३. | | | | | |
| १४. | | | | | |
| १५. | | | | | |
| १६. | | | | | |
| १७. | | | | | |
| १८. | | | | | |
| १९. | | | | | |
| २०. | | | | | |
| | जम्मा | | | | |

.................. .................... ..................

तालीम संयोजक लेखा प्रमुख शिक्षालय/तालीम केन्द्र प्रमुख

पेश गर्ने सिफारिस गर्ने प्रमाणित गर्ने

## अनुसूची-७
## तालीमको एकीकृत विवरण

| क.सं. | तालीम प्रदायक संस्थाको नाम | तालीम कार्यक्रमको नाम | तालीम सञ्चालन स्थल | तालीम सुरु मिति | तालीममा सहभागी | | | सीप परीक्षणमा सहभागी | | | सीप परीक्षणमा उतीर्ण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

| ………………<br>तालीम संयोजक<br>पेश गर्ने | …………………<br>लेखा प्रमुख<br>सिफारिस गर्ने | ………………<br>शिक्षालय/तालीम केन्द्र प्रमुख<br>प्रमाणित गर्न |
|---|---|---|